# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


मिति: २०८१/०३/०६

ने.सं.- ११४४, तछलाथ्व १३, बुधबार

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरूका लागि अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुले नयाँ दर्ता र नवीकरण गर्दा अनिवार्य रुपमा राष्ट्रिय परिचपत्र नं. (National Identity Number) आवश्यक पर्ने हुँदा राष्ट्रिय परिचयपत्रको लागि फोटो खिचाइसक्नु भएको लाभग्राहिहरुले फोटो खिचाए पश्चात प्राप्त भएको कागजपत्रको प्रतिलिपि सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन साथै राष्ट्रिय परिचयपत्रको लागि फोटो नखिचाएका (Enrollment) लाभग्राहिहरुले यथाशीघ्र राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाउनु हुन र उक्त फोटो खिचाए पश्चात प्राप्त हुने कागजपत्रको प्रतिलिपि सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबै लाभग्राहिहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्चः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहिहरु आफै उपस्थित भई साउनदेखि भदौमसान्त भित्र नवीकरण गर्नु पर्नेछ। थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा मण्डनदेउपुर नगरपालिका, सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइमा सम्पर्क गर्न सकिनेछ।

२०८१/०३/०६

(लक्ष्मी प्रसाद बास्कोटा)
प्रमुख प्रशासकीय अधिकृत